आज मिति २०७६ आश्विन ७ गते मंगलबार दिनको २:३० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा ७९ औं कार्यपालिका बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहायबमोजिमका निर्णयहरु गरियो ।

**उपस्थिती**

| क्र.सं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | अध्यक्ष | |
| २. | नगर उपप्रमुख श्री बसन्ती तामाङ (डंगोल) | सदस्य | |
| ३. | १ नं. वडाका वडा अध्यक्ष श्री जय थापा मगर | सदस्य | |
| ४. | २ नं. वडाका वडा अध्यक्ष श्री रामचन्द्र क्षेत्री | सदस्य | |
| ५. | ३ नं. वडाका कार्यबाहक वडा अध्यक्ष श्री कर्ण बहादुर श्रेष्ठ | सदस्य | |
| ६. | ४ नं. वडाका वडा अध्यक्ष श्री पुष्कर खड्का | सदस्य | |
| ७. | ५ नं. वडाका वडा अध्यक्ष श्री श्याम बहादुर खत्री | सदस्य | |
| ८. | ६ नं. वडाका वडा अध्यक्ष श्री शंकर मान महर्जन | सदस्य | |
| ९. | ७ नं. वडाका वडा अध्यक्ष श्री हरि प्रसाद तिमल्सेना | सदस्य | |
| १०. | ८ नं. वडाका अध्यक्ष श्री राज कुमार लामा | सदस्य | |
| ११. | ९ नं. वडाका वडा अध्यक्ष श्री अमृका बलामी | सदस्य | |
| १२. | दलित वा अल्पसंख्यक सदस्य श्री रमापहरी | सदस्य | |
| १३. | दलित वा अल्पसंख्यक सदस्य श्री गौरी नेवा | सदस्य | |
| १४. | दलित वा अल्पसंख्यक सदस्य श्री राजेश परियार | सदस्य | |
| १५. | महिला सदस्य श्री लक्ष्मी भण्डारी | सदस्य | |
| १६. | महिला सदस्य श्री कविता खत्री | सदस्य | |
| १७. | महिला सदस्य श्री शारदा आचार्य | सदस्य | |
| १८. | महिला सदस्य श्री निर्मला मंग्राती | सदस्य | |
| १९. | महिला सदस्य श्री मिना मगर | सदस्य | |
| २०. | प्रमुख प्रशासकीय अधिकृत श्री घनश्याम न्यौपाने | सचिव | |

**अन्य उपस्थिती** :-

१. अधिकृत दशौं श्री रमेश सिंह थापा
२. लेखा अधिकृत श्री गणेश गुरुङ
३. अधिकृत सातौं श्री नुमानन्द दमासे
४. इन्जिनियर श्री मनोज बुढाथोकी

मिति २०७६।०६।०६ गते नगर प्रमुखज्यूबाट मिति २०७६।०६।०७ गते नगर कार्यपालिकाको ७९ औं कार्यपालिका वैठकमा पेश गर्न आदेश भई नगर कार्यपालिकाबाट निर्णयका लागि पेश भएका विषयहरु माथि छलफल गरी निम्नानुसारको निर्णय गरियो ।

<table>
<tr><th>सि.नं.</th><th>विषय</th><th>कानूनमा भएको व्यहोरा</th><th>निर्णय हुनुपर्ने व्यहोरा</th></tr>
<tr><td>१.</td><td>हरिशंकर जात्रा तथा विजया दशमीको शुभकामना आदनप्रदान सम्बन्धमा ।</td><td></td><td>• दक्षिणकाली नगरपालिका अन्तर्गत मनाईने ऐतिहासिक हरिशंकर जात्रा र आउँदै गरेको विजया दशमी, दिपावली, छठ पर्व तथा भिन्तुना (नयाँ वर्ष) को उपलक्ष्यमा सबैलाई शुभकामना व्यक्त गर्दै हरिशंकर जात्राको भव्यताका साथ मनाउन मिति २०७६/६/८ गतेका यस नगरपालिकामा रहेका सबै सरकारी कार्यालयहरुलाई विदा दिने निर्णय गरियो ।</td></tr>
<tr><td>२.</td><td>योजना संशोधन सम्बन्धमा</td><td></td><td>• ३ नं वडा कार्यालयको च.नं. ७० मिति २०७६/५/६ को प्राप्त पत्रानुसार न.पा.को आ.ब. ०७६/०७७ मा वडा स्तरीय योजना अन्तर्गत ३ नं वडा अन्तर्गत पर्ने भन्ज्याङ्ग देखि पोखरी हँदै पावरहाउस जाने बाटो स्तरउन्नती लाई रु. २०,००,०००।— (बिस लाख) विनियोजित भएकोमा सो योजना संशोधन गर्नु पर्ने देखिएकोले उक्त रकमलाई तपसिल बमोजिमका योजनाहरुमा संशोधन गर्ने निर्णय गरियो ।<br><u>तपसिल</u>
<table>
<tr><th>क्र.सं.</th><th>संशोधित योजनाको नाम</th><th>विनियोजन गर्ने रकम</th><th>कैफियत</th></tr>
<tr><td>१.</td><td>लक्ष्मी देवकोटाको घर पछाडीको बाटो</td><td>५,५०,०००।-</td><td></td></tr>
<tr><td>२.</td><td>टुटेपानी देखि कृष्ण मन्दिर जाने बाटो</td><td>५,५०,०००।-</td><td></td></tr>
<tr><td>३.</td><td>जनक के.सी.का घर मुनिको बाटो</td><td>९,००,०००।-</td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td>२०,००,०००।-</td><td></td></tr>
</table></td></tr>
<tr><td>३.</td><td>नगर प्रहरी सम्बन्धमा ।</td><td></td><td>• यस दक्षिणकाली नगरपालिकाले मिति २०७६/५/५ गते प्रकाशन गरेको सेवा करारमा लिने सम्बन्धी सूचना बमोजिम नगरप्रहरीको लागी तोकिएको समयमा दर्ता हुन आएका आवेदनहरु मध्येका सबै योग्यता पुगेको आवेदकहरुको संक्षिप्त सूचि (सर्ट लिस्ट) को सूचना प्रकाशन गर्ने र माग बमोजिम योग्यता पुगेका व्यक्तिहरुका आवेदन कम भएका कारण नगर प्रहरीको सूचनालाई संशोधन गरी पुन ७ दिने सूचना प्रकाशन गर्न नगर प्रहरी छनौट समितिलाई अधिकार दिने निर्णय गरियो ।</td></tr>
</table>

| | | | |
|---|---|---|---|
| ४. | जग्गा सम्बन्धमा | | • यस नगरपालिका वडा नं १ साविका चाल्नाखेल गा.वि.स. वडा नं ८ क कित्ता नं १६० क्षेत्रफल १-०-२-० जग्गा साविकमा शिवहरी लुईटेलको भएको हिमज्योती पूर्व प्राथमिक विद्यालय खोल्ला सो कित्ताको पुरै जग्गा विद्यालयको धरौटीको रुपमा रहेको र २०५४ साल देखि सो विद्यालय पूर्ण रुपमा बन्द भईसकेको र सो जग्गा हालसम्म विद्यालयकै नाममा भएको भनी मिति २०.................... गते सार्वजनिक संचार माध्यममा मागदावीका लागी प्रकाशित ३५ दिने सूचना, वडाको सिफारिस आदिका आधारमा नगरपालिकामा रहेको कानुनी परामर्शदाताको राय लिई सम्बन्धित मालपोत कार्यालयलाई तहाँको नियमानुसार धरौटी फिर्ता सम्बन्धि आवश्यक कामकारवाहीको लागि सिफारिस गर्ने निर्णय गरियो । |
| ५. | समिति गठन सम्बन्धमा | | • उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको च.नं. १०५ मिति २०७६/४/१६ को प्राप्त पत्रानुसार **"नेपाल भ्रमण वर्ष – २०२०"** लाई सफलताका साथ सम्पन्न गर्नका लागी **"नगरपालिका स्तरीय सहजीकरण तथा आयोजक समिति"** गठन गर्नु पर्ने भएको हुँदा यस दक्षिणकाली नगरपालिकाको लागी तपसिल बमोजिमको नगरपालिका स्तरीय सहजीकरण तथा आयोजक समिति गठन गर्ने निर्णय गरियो ।<br>**तपसिल**<br>नगर प्रमुख श्री मोहन बस्नेत – अध्यक्ष<br>उप-प्रमुख श्री बसन्ती तामाङ डंगोल – सदस्य<br>सम्बन्धित वडा अध्यक्षहरु – सदस्य<br>श्री विजय बस्नेत – सदस्य<br>प्रमुख प्रशासकीय अधिकृत श्री घनश्याम न्यौपाने – सदस्य सचिव |
| ६. | विविध | | • यस दक्षिणकाली नगरपालिका कार्यालयमा कार्यरत ई. मनोज बुढाथोकीलाई ईन्जिनियरको एक मात्र सातौ/आठौ तहको स्वीकृत दरबन्दी अनुसारको सातौ तहको कामकाज गर्ने गरी, असिसटेन्ट सव-इन्जिनियर चौथो तह सुवास के.सी. लाई स्वीकृत दरबन्दी अनुसारको सव-इन्जिनियर स्वीकृत दरबन्दी अनुसारमा सम्झौता गर्ने निर्णय गरियो साथै उक्त समायोजन गर्ने निर्णय २०७६ श्रावण १ देखि लागु हुने समेत निर्णय गरियो ।<br>• मेलमिलापकर्ताको सूचिकृतको लागी सूचना प्रकाशन गर्ने ।<br>• द.न.पा. वडा नं ५, बुद्ध चोक स्थित ईनारमा डुबी मृत्यु भएको बालक बिहान तामाङको परिवारलाई यस पूर्व रु. ५०, ०००।– (पचास हजार) प्रदान गरिएकोमा थप रु. ५०, ०००।– (पचास हजार) उपलब्ध गराउने निर्णय गरियो ।<br>• द.न.पा. वडा नं ३ निवासी रामकृष्ण थापाको नाती श्रीराम थापाको छोरालाई औषधि उपचारका लागी आर्थिक सहयोग स्वरुप रु. ५०,०००।– उपलब्ध गराउने निर्णय गरियो ।<br>• श्री गोरखनाथ बहुउदेश्यीय सहकारी संस्था, द.न.पा. ५ र जीवन्त बचत तथा सहकारी संस्था, द.न.पा.-१ को |

| | | | |
|---|---|---|---|
| | | | दर्तालाई अनुमोदन गर्ने निर्णय गरियो ।<br>• राजश्व समिति सम्बन्धमा वडा नं ३ मा रहेको चन्द्रज्योती पावर हाउसमा छायाँकन कार्य हुने हुँदा सोको लागि तपसिल अनुसारको राजश्व असुल गर्ने निर्णय गरियो ।<br><br><u>तपसिल</u><br>क) ठूला चलचित्रका लागि प्रति दिन रु २ हजार<br>ख) टेलि चलचित्रका लागि प्रति दिन रु १ हजार<br>ग) म्युजिक भिडियोका लागि प्रति दिन रु १ हजार ५ सय |